## हरिनास गाउँपालिकाको औं २२ बैठक

मिति :-२०८१/०९/२६

समय:-११:३० बजे

स्थान:-हरिनास गाउँपालिकाको बैठक कक्ष

आज मिति २०८१/०९/२६ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिम नारायण मानन्धर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्न निर्णयहरु गरियो।

तपशिलः

| पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|
| श्री खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष | |
| श्री इन्द्रकुमारी थापा राना | गाउँपालिका उपाध्यक्ष | |
| श्री शिव कुमार पौडेल | सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| श्री इन्द्र बहादुर गुरुङ | वडाध्यक्ष वडा नं. १ | |
| श्री चित्र वहादुर थापा | वडाध्यक्ष वडा नं. २ | |
| श्री ओम प्रकाश सिग्देल | वडाध्यक्ष वडा नं ३ | |
| श्री सन्त वहादुर थापा | वडाध्यक्ष वडा नं ४ | |
| श्री निर्मल लम्साल | वडाध्यक्ष वडा नं ५ | |
| श्री दिल वहादुर राना | वडाध्यक्ष वडा नं ६ | |
| श्री भरत थापा | वडाध्यक्ष वडा नं ७ | |
| श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| श्री इन्द्र कुमारी थापा | कार्यपालिका सदस्य | |

...पालिकाको कार्यालय
...ज्याङ, स्याङ्जा
...प्रदेश नेपाल

# हरिनास गाउँपालिकाको औं २२ बैठक

मिति :-२०८१/०९/२६
समय:-११:३० बजे
स्थान:-हरिनास गाउँपालिकाको बैठक कक्ष

| | | |
|---|---|---|
| श्री बुद्धिमाया बि.क. | कार्यपालिका सदस्य | Buddhi |
| श्री धनमाया राना | कार्यपालिका सदस्य | |
| श्री अमृत भुजेल | कार्यपालिका सदस्य | |
| श्री डोल वहादुर नेपली | कार्यपालिका सदस्य | |
| आमन्त्रित उपस्थिति | | |
| श्री बिदुर सिग्देल | अधिकृत छैठौ | |
| श्री कृष्ण प्रसाद पौडेल | लेखापाल | |
| श्री पर्शुराम सिग्देल | अध्यक्ष ज्युको स्वकीय सचिव | |

प्रस्ताव नं १ संगठन संरचना पास/पुनरावलोकन समिति गठन गर्ने सम्बन्धमा।

प्रस्ताव नं २ करार कर्मचारीको म्याद थप सम्बन्धमा।

प्रस्ताव नं: ३ पोषण संयोजकको विज्ञापन गर्ने सम्बन्धमा।

प्रस्तव नं: ४ वडा कर्यालयको स्तरउन्नती गर्ने सम्बन्धमा।

प्रस्ताव नं: ५ LISA को प्रारम्भिक नतिजा प्रकाशन सम्बन्धमा।

प्रस्ताव नं:६ पञ्जिकरणको device खरिद गर्ने सम्बन्धमा।

प्रस्ताव नं:७ महिला विकास शाखा र कार्यविधी पास गर्ने सम्बन्धमा।

प्रस्ताव नं:८ ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य वीमा गर्ने सम्बन्धमा।

प्रस्ताव नं:९ जेष्ठ नागरिक एकल पुरुष (६० देखि ६९ वर्ष) को भत्ता सम्बन्धमा।

प्रस्ताव नं:१० सार्वजनिक/घरपालुवा कुकुरको बन्ध्याकरण गर्ने कार्यक्रम तथा बजेट विनियोजन गर्ने सम्बन्धमा।

प्रस्ताव नं:१० सामुदायीक सिकाई केन्द्र सञ्चालन सम्बन्धमा।

प्रस्ताव नं:१२ राष्ट्रपति रनिङ शिल्ड सञ्चालन सम्बन्धमा।

प्रस्ताव नं:१३ अध्यक्षसँग प्राध्यापकको कार्यसम्पादन सम्झौताको समीक्षा सम्बन्धमा।

प्रस्ताव नं:१४ शिक्षकको पारिश्रमिकमा थप सेवा सुविधा सम्बन्धमा।

प्रस्ताव नं:१६ पशु सेवा शाखाको औषधी भण्डारणका लागि फ्रिज खरिद कार्यक्रम तथा वजेट विनियोजन सम्बन्धमा।

प्रस्ताव नं:१७ अनुदानमा कृषि औजार खरिद गरि वितरण कार्यक्रम तथा रकम विनियोजन सम्बन्धमा।

प्रस्ताव नंः १८ WASH PLAN सञ्चालनमा गणक थप गर्ने सम्बन्धमा।

प्रस्ताव नं: २० ठेक्का म्याद थप सम्बन्धमा।

प्रस्ताव नं:२१ भुक्तानी भएका योजनाको फरफारक सम्बन्धमा।

प्रस्ताव नं: २२ सिमाना वोर्ड राख्ने सम्न्धमा।

प्रस्ताव नं: २३ पालिका स्तरीय बाटो मर्मत सम्भार सम्बन्धमा।

प्रस्ताव नं:२४ लिफ्टिङ खानेपानी आयोजना सम्बन्धमा।

प्रस्ताव नं:२५ स्थानीय शिक्षा योजना निर्माण कार्यक्रम अन्तर्गत कार्यक्रम छनौट तथा वजेट विनियोजन गर्ने सम्बन्धमा।

प्रस्ताव नं:२६ जनतासँग अध्यक्ष कार्यक्रम अन्तर्गत कार्यक्रम छनौट तथा वजेट विनियोजन सम्बन्धमा।

प्रस्ताव नं:२७ सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम सम्बन्धमा।

प्रस्ताव नं:२८ विद्यार्थीसँग उपाध्यक्ष कार्यक्रम तथा बजेट विनियोजन सम्बन्धमा।

प्रस्ताव नं: २९ पालिकाको जग्गाको बाटो लगत कट्टा सम्बन्धमा।

प्रस्ताव नं: ३० संघीय समपुरक र विशेष बजेटबाट योजना माग गर्ने सम्बन्धमा।

प्रस्ताव नं :३१ कर्मचारी सम्मान गर्ने सम्न्धमा।

प्रस्ताव नं :३२ कृषि कार्यक्रममा लाभग्राही छनौट गर्ने सम्बन्धमा।

प्रस्ताव नं: ३३ गाउँसभा तयारी सम्बन्धमा।

प्रस्ताव नं :३४ विपदमा थप गर्ने जिल्ला प्रशासन कार्यालयको विषय सम्बन्धमा।

प्रस्ताव नं. :३५ तहवृद्धि सम्बन्धमा।

निर्णय हरू:

निर्णय नं.१ हरिनास गाउँपालिकाको संरचनालाई पुनरावलोकन गरी पद दर्ताको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. २ कार्यसम्पादनमा उत्कृष्ट ४७ जना कर्मचारीलाई मिति २०८१ असार मसान्त सम्मको लागि करार म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं. ३ यस हरिनास गाउँ कार्यपालिकामा करार कर्मचारीको रुपमा मिति:२०८०/०२/०१ गते नियुक्ति हुनुभएका पोषण संयोजक अविनास अधिकारी मिति:२०८१ माघ १ गते देखि लागु हुने गरी राजिनामा दिइ राजिनामा स्वीकृत भएको हुँदा उक्त रिक्त पदमा पोषण संयोजकको विज्ञापन गर्ने निर्णय गरियो।

निर्णय नं. ४ यस गाउँपालिका अन्तर्गत वडा कार्यालयमा कार्यरत कर्मचारीलाई थप सेवा सुविधा उपलब्ध गराई कर्मचारीलाई उचित कार्य वातावरण सिर्जना गरी तपसिलमा उल्लेखित वडा कार्यालयहरुको स्तरोन्नती गर्ने निर्णय गरियो।

निर्णय नं. ५ आ.व २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांङ्कन (LISA)का लागि आवश्यक कागजातहरु, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलब्ध गराइएको पोर्टलमा प्रविष्ट गरी स्व-मुल्याङ्कन गर्दा ८७.५ प्रतिशत अंक प्राप्त भएकाले भएको उक्त नतिजालाई सार्वजनिक गर्ने निर्णय गरियो।

प्रस्ताव नं ६ यस गाउँपालिकाको पञ्जिकरण शाखाको तथ्याङ्कलाई व्यवस्थापन गर्नका लागि आवश्यक सामाग्री गरी खरिद शसर्त अनुदानमा रकम प्राप्त भएको हुँदा सो रकमबाट आवश्यक सामाग्री सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली,२०६४ बमोजिम खरिद प्रक्रिया अगाडी बढाउने,निर्णय नं ७ हरिनास गाउँपालिकाको ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य वीमा गर्नेसम्बन्धी कार्यविधी, २०८१ विधायन समितिबाट दफावार छलफल भई पेश हुन आएको हुँदा सो लाई पारित गर्ने निर्णय गरियो।

निर्णय नं ७ महिला विकास शाखाबाट कार्य विधी पास गर्ने निर्णय गरियो।

निर्णय नं ८ हरिनास गाउँपालिकाको ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य वीमा गर्ने सम्बन्धी कार्यविधी , २०८१ विधायन समितिबाट दफावार छलफल भई पेश हुन आएको हुँदा सो लाई पारित गर्ने निर्णय गरियो।

निर्णय नं ९ गर्दा हरिनास गाउँपालिकाको जेष्ठ नागरिक एकल पुरुष (६०-६८वर्ष) भएका व्यक्तिहरुलाई स्वास्थ्य वीमा गर्ने सम्बन्धी कार्यविधी, २०८१ विधायन समितिबाट दफावार छलफल भई पेश हुन आएको हुँदा सो लाई पारित गर्ने निर्णय गरियो।

निर्णय नं १० साविका बमोजिम (वटा नं २ चिसापनी र वडा नं ७ अमला भञ्याङ) नै सञ्चालन हुने निर्णय गरियो।

निर्णय नं ११ यस आ.व. मा सञ्चालन हुने राष्ट्रपति रनिङसिल्ड तथा अध्यक्षकप खेलकुद प्रतियोगिता यस आ.व.मा विनियोजित बजेटको परिधी भित्र रहि श्री पिताम्बर मा.वि. हरिनास-६ को खेलमैदानमा उक्त विद्यालयकै व्यवस्थापनमा सञ्चालन गर्ने गरी आर्थिक अधिकार सहितको जिम्मेवारी उक्त विद्यालयलाई प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं १२ गत आ.व. मा हरिनास गाउँपालिका अन्तर्गतका माध्यामिक विद्यालयका प्र.अ. हरुले पालिका अध्यक्ष ज्यु सँग भएको कार्यसम्पादन सम्झौताको समिक्षा गर्ने निर्णय गरियो।

निर्णय नं १३ यस आ.व. मा सञ्चालन हुने राष्ट्रपति रनिङसिल्ड तथा अध्यक्षकप खेलकुद प्रतियोगिता यस आ.व.मा विनियोजित बजेटको परिधी भित्र रहि श्री पिताम्बर मा.वि. हरिनास-६ को खेलमैदानमा उक्त विद्यालयकै व्यवस्थापनमा सञ्चालन गर्ने गरी आर्थिक अधिकार सहितको जिम्मेवारी उक्त विद्यालयलाई प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं १४ शिक्षकको पारिश्रमिक थप गर्ने सम्बन्धमा निर्णय गरियो।

निर्णय नं १५ विद्यालयमा सरसफाई नगर्ने विद्यालयलाई मर्ज गर्ने निर्णय गरियो।

निर्णय नं १६ पशु सेवा शाखाको औषधी भण्डारणका लागि फ्रिज गरिद गर्नुपर्ने हुँदा सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली २०६४ बमोजिम खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं १७ यस गाउँपालिकाको आ.व. २०८१/०८२ को कृषि औजार खरिद कार्यक्रम तर्फको बजेटबाट ५० प्रतिशत अनुदानमा आधारित हाते ट्याक्टर वितरण शिर्षकमा विनियोजित रकम रु १६५,००० (एक लाख पैसठ्ठि हजार) बजेटबाट लागत सहभागिता बमोजिम हाते ट्याक्टर खरिद सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली,२०६४ बमोजिम खरिद गरी वितरण गर्ने निर्णय गरियो।

निर्णय नं १८ खानेपानी तथा सरसफाई योजना निर्माणको लागि नेपाल सरकार खानेपानी मन्त्रालय सँग गाउँपालिकाको खानेपानी तथा सरसफाई योजना (वास प्लान) निर्माणको लागि समझदारीपत्रमा हस्ताक्षर भइसकेको हुँदा सो सम्झौता बमोजिम योजना निर्माणको लागि तथ्याङ्क सञ्चालनको लागि गणक नियुक्ति गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं १९ यस आ.व.को वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत भई सञ्चालनमा रहेका देहायबमोजिमका योजनाहरुको कार्यक्रम तथा बजेट विनियोजनको समयमा ल.इ. नभईसकेको हुँदा उक्त योजनाहरुमा देखायबमोजिमको रकम अपुग हुने देखिएकोले निम्न शिर्षकहरुबाट रकमान्तर गरी देहायबमोजिम रकम थप गर्ने निर्णय गरियो।

तपसिलः

| क.स. | कार्यक्रम/योजनाको नाम | चालु आ.व.मा स्वीकृत रकम | रकमान्तर शिर्षक | रकमान्तर रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

निर्णय नं २० यस आ.व. २०८१/०८२ मा गाउँसभाबाट स्वीकृत कार्यक्रम तथा बजेटको परिधीभित्र रहि मितिः२०८१/०४/०१ देखि मितिः२०८१/०९/२५ सम्म भुक्तानी भएका देहायबमोजिमका योजनाहरुलाई फरफारक गर्ने, सम्झौता भएका योजनाहरुको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं २१  आ.व. २०८१/०८२ मा योजना सम्झौता भइ भुक्तनी भएका योजना फरफारक गर्ने निर्णय गरियो।

निर्णय नं २२ यस हरिनास गाउँपालिका भित्र वडा नं १ र ४, वडा नं ५ र ४, वडा नं ४ र २, वडा नं ३ र २ वडा नं ६ र ३ स्थानमा सिमाना बोर्ड राख्ने निर्णय गरियो।

निर्णय नं २३ यस हरिनास गाउँपालिकामा वडा नं -४ चुलिडाडामा सञ्चालित हरिनास बृहत खानेपानी सञ्चालन आयोजनाको ठेकेदारलाई कार्य सम्पन्न गर्ने निर्णय गरियो।

निर्णय नं २४ हरिनास गाउँपालिका वडा नं ४ मा सञ्चालित लफ्टिङ खानेपानी आयोजनाका लागि ....देखि ... सम्मकालागि म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं २५ हालसम्म हरिनास गाउँपालिकाको स्थानीय शिक्षा योजना तयार भई नसकेको हुँदा आगामी २०८२ साल वैशाख भित्र सम्पन्न गर्ने गरि हरिनास गाउँपालिकाको पञ्चवर्षिय स्थानीय शिक्षा योजना निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं २६ हरिनास गाउँपालिका स्वीकृत बजेट अन्तर्गत जनतासँग अध्यक्ष कार्यक्रम शिर्षकबाट सञ्चालन भएका दहायबमोजिमका योजनाहरुको फरफारक गर्ने, सम्झौता अनुमोदन गर्ने र उक्त शिर्षकमा ......शिर्षकबाट रकम रु... रकमान्तर गर्ने निर्णय गरियो।

निर्णय नं २७ यस हरिनास गाउँपालिकामा आ.व. २०८१/०८२ मा सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं २८ चालु आ.व. मा कार्यान्वयन गर्ने गरि विधार्थीसँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गर्न रु २००००० रकम विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं २९ यस गाउँपालिकाको भवन निर्माण मापदण्ड, २०८१ कार्यान्वयनमा रहेको र ...को परिपत्र अनुसार गाउँपालिका क्षेत्रभित्र रहेका मोटरबाटोको लगत कट्टा प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं ३० आगामी आ.व. २०८२/०८३ मा संघीय सरकार सँग देहायका कार्यक्रम तथा योजना तपसिलमा उल्लेखित प्राथमिकताका आधारमा विशेष र समपुरक शिर्षकमा राष्ट्रिय योजना आयोग समक्ष योजना माग गर्ने निर्णय गरियो।

तपसिलः

**विशेषतर्फः**

| प्राथमिकता क्रम | योजना/कार्यक्रम | कार्यान्वयन हुने स्थल | अनुमानित रकम | |
|---|---|---|---|---|
| १ | पोषण विशेष कार्यक्रम | हरिनास गाउँपालिका भरि | | |

| | | | | |
|---|---|---|---|---|
| २ | खानेपानी तथा सरसफाई कार्यक्रम | | | |
| ३ | | | | |

समपुरक तर्फः

| प्राथमिकता क्रम | योजना/कार्यक्रम | कार्यान्वयन हुने स्थल | अनुमानित रकम | |
|---|---|---|---|---|
| १ | पोषण विशेष कार्यक्रम | हरिनास गाउँपालिका भरि | | |
| २ | मातृभुमी मा.वि. को ग्राउण्ड निर्माण | हरिनास--देउराली | | |
| ३ | | | | |

निर्णय नं ३१ यस हरिनास गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीलाई सम्मान गर्नेनिर्णय गरियो।

निर्णय नं ३२ अदुवा पकेट कार्यक्रम भदौ ३० मा प्रस्ताव माग गरिएको मा १४० रोपनी अदुवा खेती गर्न

सक्ने हरिकनास ४ स्थित अर्गानीक कृषक समुह राम्चे लाई लाभग्राही समहुको रूपमा छनौट गर्ने निर्णय गरियो।

निर्णय नं ३३ हरिनास गाउँपालिकाको १६ औं गाउँसभा तथा हिउँदे अधिवेशन आगामी मितिः२०८१/०९/२८ गते विहान ११:०० बजे आहान भएकोमा सोको लागि भएका तयारीको सम्बन्धमा जानकारी गरियो।

...पालिकाको कार्यालय
...याङ्, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय नं. ३४ जिल्ला प्रशासन कार्यालय स्याङ्जामा बसेको जिल्ला विपत व्यवस्थापन समितिको बैठकको निर्णय बमोजिम जिल्ला विपद व्यवस्थापन कोषमा हरिनास गाउँपालिकाबाट रु पाँच लाख रकम प्रदान गर्ने।

निर्णय नं. ३५ हरिनास गाउँपालिकाको सूचना नं. १५/०८१/८२ मा प्रकासित तहवृद्धि सूचना बमोजिम तोकिएको समयावधिमा आवेदन पेश भएका कर्मचारीहरुको गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ र नियमावली २०८० बमोजिम मिति २०८१/१०/०१ गते देखि जेष्ठता कायम हुनेगरी तहवृद्धि गर्ने।

निर्णय नं. ३६ हरिनास गाउँपालिकाको आफ्नो चार पाङ्ग्रे सवारी साधन र इलाका प्रहरी कार्यालयको प्रहरी भ्यान मर्मत गर्दा खर्च भएको तपसिल बमोजिमको रकम लालचन इन्टरप्राइजेज र लालचन अटो इन्जिनियरिङ वर्कसप प्रा. लि. को नाममा भुक्तानी दिने ।

तपसिलः

| क.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | लालचन अटो इन्जिनियरिङ वर्कसप प्रा.लि. लाई चिसापानी इलाका प्रहरी कार्यालयको प्रहरी भ्यान मर्मत भुक्तानी | २,०१,८९३/- | |
| २ | लालचन इन्टरप्राईजेजलाई गाउँपालिकाको चार पाङ्ग्रे सवारी (ग १ झ ४३४, ग १ झ ६९२, ग १ द २६६ र ग १ द २६७) मर्मत | १०,७५,०७३/- | |
| | जम्मा | १२,७६,९६६/- | |